# रतुवामाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सिजुवा, मोरङ

प.सं.: ०७८/०७९
च.नं. १५३६

मिति: २०७९/०३/०२

श्री वडा अध्यक्ष ज्यू हरु सबै ( दश वटै वडाहरु)
रतुवामाई नगरपालिका , मोरङ ।

विषय: वार्षिक नीति तथा कार्यक्रममा आयोजना समावेश गर्ने बारे ।

उपरोक्त सम्बन्धमा मुलुकभित्र रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको अधिकतम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्‍याउने तथा सबैका लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उद्देश्यले आ.व २०७५/७६ बाट यस रतुवामाई नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको अवगत नै छ । तसर्थ, आगामी आ.व २०७९/८० का लागि ताहाँ वडाबाट बेरोजगार फारम भरि सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई १०० दिनको न्युनतम रोजगारी प्रदान गर्नका लागि आयोजना छनौट गरी स्थानीय तहबाट स्वीकृत भई वार्षिक कार्यक्रममा समावेश गर्ने र यीनै आयोजनाहरुमा सूचिकृत बेरोजगारहरुलाई रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरे अनुरूप प्र.रो.काअन्तर्गत लागत साझेदारीमा रोजगारी प्रदान गर्नु पर्ने भएकोले निम्न क्षेत्रहरुभित्र पर्ने श्रममूलक आयोजनाहरु छनौट गरी वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्ने र छनौट गरीएका श्रममूलक आयोजनाहरु रोजगार सेवा केन्द्रमा समेत उपलब्ध हुने गरी व्यवस्था मिलाइदिनु हुन अनुरोध छ ।

**निम्न:**

रोजगार आयोजनाका सम्भावित क्षेत्रहरु: यो कार्यक्रम अन्तर्गत रोजगार आयोजनाका सम्भावित क्षेत्रहरु देहाय बमोजिम हुनेछन्।

**(१) कृषि, सहकारी तथा पशु विकास:**

शीत भण्डार निर्माण, कृषि उपजहरुको प्रोशेसिङ प्लान्ट निर्माण, परम्परागत र प्लास्टिक पोखरी निर्माण, कृषि उपजको संकलन तथा वेचविखन केन्द्र निर्माण, पर्ति जग्गामा खेती, खाली जग्गामा फलफूलका विरुवा रोप्ने, सामूहिक तथा सहकारी खेती, व्यवसायिक खेती तथा पशुपालन, कृषि वन कार्यक्रम, सहकारी संस्थाहरु, आदि ।

# रतुवामाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सिजुवा, मोरङ

प.सं.: ०७८/०७९
च.नं. १६३६

(२) **ऊर्जा, सिंचाई तथा नदी नियन्त्रण:**

कूलो, बाँध, पैनी तथा नहर निर्माण एवं मर्मत सम्भार, जलविद्युत आयोजना र ट्रान्समिसन लाईन निर्माण तथा मर्मत सम्भार, नदी नियन्त्रण, पहिरो नियन्त्रण, आदि।

(३) **खानेपानी तथा सरसफाई:**

मुहान संरक्षण, पाईप बिछ्याउने, ट्यांकी, धारा र शौचालय निर्माण तथा मर्मत, ढल पूर्वाधार मर्मत वा सोही प्रकृतिका सरसफाइ सम्बन्धी पूर्वाधारजन्य क्रियाकलाप|

(४) **वन तथा वातावरण:** वृक्षारोपण, वैज्ञानिक वन व्यवस्थापन अन्तर्गत थिनिङ्ग, पुनिङ्ग, अग्नि रेखा निर्माण लगायतका कार्यहरु, खाली जग्गामा फलफूलका बिरुवा रोप्ने, सडक र नदी खोला किनारमा रुख रोप्ने, गैर काष्ठजन्य वन पैदावार उत्पादन, व्यवसायिक निजी वन, निजी वन नर्सरी, जडिवुटी खेती, प्रशोधन र बजारीकरण, कृषि वन, वन पैदावारमा आधारित उद्योग स्थापना, वायो इन्जिनियरिङ्ग प्रविधि, संरक्षण पोखरी निर्माण, वातावरण संरक्षण तथा जलवायु अनुकुलन आदि।

(५) **पर्यटन प्रबर्द्धन:**

पर्यटकीय पदमार्ग, पर्यटन मार्गको निर्माण तथा मर्मत सम्भार, होटल तथा रेष्टुरेण्ट व्यवसायको प्रर्वद्धन, पर्यटन मार्गमा सेड निर्माण तथा होमस्टे लगायतका ग्रामीण पर्यटन, पर्या पर्यटन आदि।

(६) **सडक यातायात:**

एयरपोर्ट, सबै प्रकारका सडक, रेलवे, बसपार्क, पुल, कल्भर्ट आदिको निर्माण तथा मर्मत सम्भार।

(७) **शिक्षा, युवा तथा खेलकूद:**

साक्षरता अभियान, कम्प्युटर शिक्षा, विद्यालय खेलकुद कार्यक्रम र खेल मैदान, कवर्ड हल, स्टेडियम, विद्यालय भवन, पुस्तकालय आदि संरचनाको निर्माण तथा मर्मत सम्भार।

(८) **पुनर्निर्माण:**

सार्वजनिक र निजी भवन निर्माण, पुरातात्विक सम्पदाको पुनर्निर्माण आदि।

(९) **सामूदायिक पूर्वाधार निर्माण:**

पुस्तकालय, वाचनालय, जेष्ठ नागरिक क्लव, सामुदायिक भवन निर्माण तथा मर्मत सम्भार आदि।

# रतुवामाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सिजुवा, मोरङ

रतुवामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिजुवा, मोरङ १ नं. प्रदेश,नेपाल

प.सं.: ०७८/०७९
च.नं. १५३६

(१०( ठूला तथा राष्ट्रिय गौरवका आयोजनाको स्थानीय स्तरमा हुने निर्माण तथा मर्मत सम्भार लगायतका श्रममूलक कार्यहरु माटोको काम), ग्याबियन वाल, ढुंगा कुद्रे, नाली बनाउने आदि। (

**(११ सूचना तथा संचार प्रविधिः (**

नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालय तथा अन्य निकायहरु, प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय तथा कार्यालयहरु, स्थानीय तहहरु र बैंक तथा वित्तीय संस्थाहरुको अभिलेख डिजिटाइजेशन गर्ने, बिजनेस प्रोसेस आउटसोर्सिंग, नलेज प्रोसेस आउटसोर्सिंग र आईटी इनेवलिंग सर्भिसेज आदि ।

**(१२ स्वास्थ्य (:**

स्वास्थ्य पूर्वाधारको निर्माण तथा मर्मत ।

दिनानाथ लम्साल
प्रमुख प्रशासकीय अधिकृत

.............................
दिनानाथ लम्साल
प्रमुख प्रसाशकीय अधिकृत